# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र १८ गते ०८ साल

भाग १

## पब्लिक सर्भिस कमिशनका नियम

नेपाल सरकारको अन्तरीम विधान १९५१ (२००७) का दफा ३७, ३९ र ४० बाट पाएका अधिकारहरूको प्रयोगको मिमित्त श्री ५ महाराजाधिराज-बाट मन्त्रीहरूको सल्लाहले तपसीलका सवालहरूको तर्जुमा गराईबक्सेको छ।

## सवालहरू

### भाग १ प्रारम्भिक

१. देहायका सवालहरू नेपाल पब्लिक सर्भिस कमिशनका नोकरीका सर्त-सम्बधी सवालहरू कहिनेछन ।

२. उक्त सवालहरूको विषय अथवा प्रसङ्गमा कुनै विरोधात्मक अर्थ नभएमा देहायका लवजहरुको अर्थ देहायबमोजिम मानिनेछन् ।

(क) " कमिशन ,, को माने नेपाल पब्लिक सर्भिस कमिशन ।

(ख) " सदस्य " को माने सभापतिसहित सदस्यहरू।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## " क " सदस्यहरु
## भाग २ रचना तलब र भोगावधि

३. सो कमिशनमा सभापतिसहित अरु सदस्यहरु जम्मा गरी संख्या ३ मा नबढाई श्री ५ महाराजाधिराजबाट समय समयमा नियुक्त गरिबक्सनेछ ।

४. ( १ ) सभापति र सदस्यहरु प्रत्येकले महीना एकको मोरु. १०००। ( एकहजार रुपैयाँमात्र ) का दरले तलब पाउनेछन् ।

( २ ) नियुक्तिको समय सभापति अथवा कुनै सदस्य साबिक सरकारी नोकरीबाट भत्ता पाई आएको रहेछ भने श्री ५ महाराजाधिराजका तजबीजबाट त्यस्तो भत्ता एक मुष्ट वा कुनै अंशमा यो काममा रहेसम्म बन्द् गरिबक्सने अथवा त्यसको बदला यो सवालबमोजिम तोकिएको तलबबाट उसले पाउनेसम्मको भत्ता कट्टा गर्ने कुराको निश्चय गरिबक्सनेछ।

५. वैधानिक कानूनका नियमअनुसार पछि निर्वाचित हुने विधान परिषद्ले नयाँ विधान तयार गरी अर्को पब्लिक सर्भिस कमिशन नियुक्त नगरेसम्म उक्त सदस्यहरूको नोकरी बहाल रहनेछ ।

( क ) तर साथ साथै कुनै मेम्बरले तीन महीनाको म्याद दिई आफ्नै हस्ताक्षरले लेखेको राजीनामा श्री ५ महाराजाधिराजमा पेश गर्न सक्तछ औ त्यस्तो राजीनामा तोकिएको अवधि नाघेपछि लागू हुनेछ ।

( ख ) नोकरीको म्याद भुक्तान भएपछि पब्लिक सर्भिस कमिशनका कुनै सदस्यले नेपाल सरकार मातहतको कुनै जागीर खान पाउँदैन ।
तर साथ साथै सदस्यका निमित्त तोकिएको समयावधि भुक्तान भएपछि सदस्यलाई सभापतिको पदमा नियुक्ति न्यायसङ्गत हुनेछ ।

६. दुइतिहाइ मन्त्रिमण्डलको बहुसम्मति औ प्रधनान्यायालयका प्रधान न्यायाधीशको पूर्वसम्मति द्वारा दुर्व्यवहार वदनियती अयोग्य ठहरिएमा श्री ५ महाराजाधिराजका हुकुमबाट मात्र कुनै सदस्य पदच्युत हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. कुनै सदस्य बिदा बसेको समय वा कुनै खास काममा खटिएको अथवा खालि भएकोमा अन्य पदाधिकारी स्थायी रूपमा मुकर्रर नभएसम्म श्री ५ महाराजाधिराजबाट कायममुकायम नियुक्त गरिबक्सनेछ ।

## भाग ३—बिदा

८. नियुक्तिको समय कुनै सदस्य सरकारी नोकरीमा बहाल रहेको भए त्यसअघि सवालबाट पाउने बिदा ऐनबमोजिम पाउनेछ ।

९. नियुक्तिको समय कुनै सदस्य नेपाल सरकारको मातहतको नोकरीमा बहाल नरहेको भए श्री ५ महाराजाधिराजबाट यस बिषयमा भइरहेको सवालबमोजिम बिदा बक्सनेछ ।

## भाग ४—भत्ता

१०. सदस्यको पदमा यथास्थिति भत्ता ठेकिएको छैन । तर कुनै सदस्य नियुक्तिको समयमा नेपाल सरकारको नोकरीमा बहाल रहेको भए सदस्यका हैसियतको नोकरीको अवधि पूर्व सेवावृत्तिको नियमानुसार पाउने भत्ताको निमित्त जोडिनेछ ।

## "ख" कर्मचारिवर्ग

## भाग ५—रचना

११. कमिशनका कर्मचारिवर्गमध्ये एक सेक्रेटरी तथा अरु अफिसर र कारिन्दाहरू हुनेछन् जो समय समयमा श्री ५ महाराजाधिराजबाट ठेकिबक्सनेछ ।

तर साथसाथै कमिशनले कुनै कामको निमित्त वर्ष १ को मोहरु. १०००। खर्चमा नबढाई गर्न पाउनेछ ।

## भाग ६—सेक्रेटरी

१२. श्री ५ महाराजाधिराजको सम्मतिबाट कमिशनले सेक्रेटरी नियुक्त गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. सेक्रेटरी ३ वर्षसम्म बहाल रहनेछ ।

तर साथ साथै सेक्रेटरीका उमेरको हद ६० वर्ष नपुगेसम्म श्री ५ महाराजाधिराजको स्वीकृति र कमिशनको रायले निजको समयावधि एक पल्टमा ३ वर्ष ननघाई थप हुन सक्तछ ।

१४. श्री ५ महाराजाधिराजको सम्मतिबाट कमिशनले सेक्रेटरीको नोकरीका सर्तहरू समय समयमा तोकनेछ ।

## भाग ७—मंत्रियस्थापना

१५. कमिशनको रायबाट सेक्रेटरीले सुपरिन्टेन्डेन्ट, असिष्टेन्ट, स्टेनोग्राफर, टाइपिष्ट र अरु कारिन्दाहरू भर्ना गर्नेछ, उक्त कामदार कारिन्दाहरुको तलब र उपवेतन सरकारले समय समयमा तोकेबमोजिमको हुनेछ ।

१६. उक्त कार्यकर्ता गैह्रका नोकरी सर्तहरू समान श्रेणीका अरु सरकारी कर्मचारीहरुको सरह हुनेछ । औ नियमबमोजिम सजाय दिने अधिकार सेक्रेटरीको हुनेछ र सोउपरको उजुरी सभापतिले सुन्नेछन् ।

## भाग ८—निम्न-श्रेणीका कर्मचारिवर्ग

१७. दफ्तरी, अर्दली, हलकारा, टहलुवा, मेहतर आदि निम्न श्रेणीका कर्मचारीहरू सेक्रेटरीले भर्ना गर्नेछन्. औ उनीहरुको तलब, उपवेतन तथा नोकरीका सर्तहरू समान श्रेणीका सरकारी कामदाहरुको सरह हुनेछ । नियमबमोजिम सजायका साथै जागीरबाट स्थगित तथा बर्खास्त गर्ने अधिकार सेक्रेटरीको र त्यसमा परेको उजुर सभापतिले सुन्नेछन् ।

---

## गोरखापत्र छापाखानाबाट प्रकाशित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

## काठमाडौं भाद्र १८ गते ०८ साल

### भाग १

### पब्लिक सर्भिस कमिशनका नियम

नेपाल सरकारको अन्तरीम विधान १९५१ (२००७) का दफा ३७, ३९ र ४० बाट पाएका अधिकारहरूको प्रयोगको मिमित्त श्री ५ महाराजाधिराज-बाट मन्त्रीहरूको सल्लाहले तपसीलका सवालहरूको तर्जुमा गराईबक्सेको छ।

### सवालहरू

### भाग १ प्रारम्भिक

१. देहायका सवालहरू नेपाल पब्लिक सर्भिस कमिशनका नोकरीका सर्त-सम्बन्धी सवालहरू कहिनेछन्।

२. उक्त सवालहरूको विषय अथवा प्रसङ्गमा कुनै विरोधात्मक अर्थ नभएमा देहायका लब्जहरूको अर्थ देहायबमोजिम मानिनेछन्।

(क) " कमिशन ,, को माने नेपाल पब्लिक सर्भिस कमिशन।

(ख) " सदस्य " को माने सभापतिसहित सदस्यहरू।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## "क" सदस्यहरु

## भाग २ रचना तलब र भोगावधि

३. सो कमिशनमा सभापतिसहित अरु सदस्यहरु जम्मा गरी संख्या ३ मा नबढाई श्री ५ महाराजाधिराजबाट समय समयमा नियुक्त गरिबक्सनेछ ।

४. ( १ ) सभापति र सदस्यहरू प्रत्येकले महीना एकको मोरु. १०००। ( एकहजार रुपैयाँमात्र ) का दरले तलब पाउनेछन् ।

( २ ) नियुक्तिको समय सभापति अथवा कुनै सदस्य साबिक सरकारी नोकरीबाट भत्ता पाई आएको रहेछ भने श्री ५ महाराजाधिराजका तजबीजबाट त्यस्तो भत्ता एक मुष्ट वा कुनै अंशमा यो काममा रहेसम्म बन्द गरिबक्सने अथवा त्यसको बदला यो सवालबमोजिम तोकिएको तलबबाट उसले पाउनेसम्मको भत्ता कट्टा गर्ने कुराको निश्चय गरिबक्सनेछ।

५. वैधानिक कानूनका नियमअनुसार पछि निर्वाचित हुने विधान परिषद्ले नयाँ विधान तयार गरी अर्को पब्लिक सर्भिस कमिशन नियुक्त नगरेसम्म उक्त सदस्यहरूको नोकरी बहाल रहनेछ।

( क ) तर साथ साथै कुनै मेम्बरले तीन महीनाको म्याद दिई आफ्नै हस्ताक्षरले लेखेको राजीनामा श्री ५ महाराजाधिराजमा पेश गर्न सक्तछ औ त्यस्तो राजीनामा तोकिएको अवधि नाघेपछि लागू हुनेछ ।

( ख ) नोकरीको म्याद भुक्तान भएपछि पब्लिक सर्भिस कमिशनका कुनै सदस्यले नेपाल सरकार मातहतको कुनै जागीर खान पाउँदैन ।

तर साथ साथै सदस्यका निमित्त तोकिएको समयावधि भुक्तान भएपछि सदस्यलाई सभापतिको पदमा नियुक्ति न्यायसङ्गत हुनेछ ।

६. दुइतिहाइ मन्त्रिमण्डलको बहुसम्मति औ प्रधानन्यायालयका प्रधान न्यायाधीशको पूर्वसम्मति द्वारा दुर्व्यवहार वदनियती अयोग्य ठहरिएमा श्री ५ महाराजाधिराजका हुकुमबाट मात्र कुनै सदस्य पदच्युत हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. कुनै सदस्य बिदा बसेको समय वा कुनै खास काममा खटिएको अथवा खालि भएकोमा अन्य पदाधिकारी स्थायी रूपमा मुकर्रर नभएसम्म श्री ५ महाराजाधिराजबाट कायममुकायम नियुक्त गरिबक्सनेछ ।

## भाग ३—बिदा

८. नियुक्तिको समय कुनै सदस्य सरकारी नोकरीमा बहाल रहेको भए त्यस-अघि सवालबाट पाउने बिदा ऐनबमोजिम पाउनेछ ।

९. नियुक्तिको समय कुनै सदस्य नेपाल सरकारको मातहतको नोकरीमा बहाल नरहेको भए श्री ५ महाराजाधिराजबाट यस बिषयमा भइरहेको सवालबमोजिम बिदा बक्सनेछ ।

## भाग ४—भत्ता

१०. सदस्यको पदमा यथास्थिति भत्ता ठेकिएको छैन । तर कुनै सदस्य नियुक्तिको समयमा नेपाल सरकारको नोकरीमा बहाल रहेको भए सदस्यका हैसियतको नोकरीको अवधि पूर्व सेवावृत्तिको नियमानुसार पाउने भत्ताको निमित्त जोडिनेछ ।

## "ख" कर्मचारिवर्ग

## भाग ५—रचना

११. कमिशनका कर्मचारिवर्गमध्ये एक सेक्रेटरी तथा अरु अफिसर र कारिन्दाहरू हुनेछन् जो समय समयमा श्री ५ महाराजाधिराजबाट ठेकिबक्सनेछ ।

तर साथसाथै कमिशनले कुनै कामको निमित्त वर्ष १ को मोहरु. १०००। खर्चमा नबढाई गर्न पाउनेछ ।

## भाग ६—सेक्रेटरी

१२. श्री ५ महाराजाधिराजको सम्मतिबाट कमिशनले सेक्रेटरी नियुक्त गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. सेक्रेटरी २ वर्षसम्म बहाल रहनेछ ।

तर साथ साथै सेक्रेटरीको उमेरको हद ६० वर्ष नपुगेसम्म श्री ५ महाराजाधिराजको स्वीकृति र कमिशनको रायले निजको समयावधि एक पल्टमा ३ वर्ष ननघाई थप हुन सक्दछ ।

१४. श्री ५ महाराजाधिराजको सम्मतिबाट कमिशनले सेक्रेटरीको नोकरीका सर्तहरू समय समयमा तोकनेछ ।

## भाग ७—मंत्रियस्थापना

१५. कमिशनको रायबाट सेक्रेटरीले सुपरिन्टेन्डेन्ट, असिष्टेन्ट, स्टेनोग्राफर, टाइपिष्ट र अरु कारिन्दाहरू भर्ना गर्नेछ, उक्त कामदार कारिन्दाहरुको तलब र उपवेतन सरकारले समय समयमा तोकेबमोजिमको हुनेछ ।

१६. उक्त कार्यकर्ता गैन्हका नोकरी सर्तहरू समान श्रेणीका अरु सरकारी कर्मचारीहरुको सरह हुनेछ । औ नियमबमोजिम सजाय दिने अधिकार सेक्रेटरीको हुनेछ र सोउपरको उजुरी सभापतिले सुन्नेछन् ।

## भाग ८—निम्न-श्रेणीका कर्मचारिवर्ग

१७. दफ्तरी , अर्दली , हलकारा, टहलुवा, मेहतर आदि निम्न श्रेणीका कर्मचारीहरू सेक्रेटरीले भर्ना गर्नेछन्. औ उनीहरुको तलब, उपवेतन तथा नोकरीका सर्तहरू समान श्रेणीका सरकारी कामदारहरुको सरह हुनेछ । नियमबमोजिम सजायका साथै जागीरबाट स्थगित तथा बर्खास्त गर्ने अधिकार सेक्रेटरीको र त्यसमा परेको उजुर सभापतिले सुन्नेछन् ।

---

गोरखापत्र छापाखानाबाट प्रकाशित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. कमिशनको आदेशअनुसार सेक्रेटरीले कमिशनका निर्णयहरुको उल्लेख गर्नेछ र प्रत्येक मेंबरले राय बझाएकोमा आफ्नु राय बाझेको कुरा उल्लेख गराउन शक्तछ र उसका विचारमा ठीक देखिएमा राय बझाउनाको कारण पनि खुलाउन शक्तछ।

१२. कमिशनले सल्लाह दिनुपरेकोमा वा प्रस्तावहरु प्रस्तुत गर्नुपरेमा अथवा कुनै अधिकारीले सल्लाह मागेमा कमिशनको निर्णय सेक्रेटरीले सहिछाप गरेको पत्रद्वारा संचार गर्नुपर्दछ र कुनै मामिलामा सर्वसम्मत नभएमा सभापतिले अन्हाएमा बाहेक सो बाझेको राय अथवा राय बाझ्नाको कारण खोली लेखी पठाउन हुँदैन।

१३. कमिशनले कुनै विषय पनि कोही एक सदस्य अथवा कमिशन निर्वाचित कुनै अरु मानिस वा समितिलाई विचार तथा प्रतिवेदनको निमित्त उपनिर्देश गर्न शक्तछ।

१४. (१) कमिशनले गरेको आदेशअनुसार सदस्यनिर्मित समितिलाई निर्देश (२) को उपरङ्ग (१) को उपखण्ड (ग) वा उपाङ्ग (२) (४) (५) अथवा निर्देश ३को उपाङ्ग (२) (३) वा (४) मा वर्णित कारवाईहरु सुम्पन शक्तछ।

(२) यस्ता प्रत्येक समितिमा दुइभन्दा घटी सदस्य रहनेछैन।

१५. निर्देश १४ बमोजिम कार्यमा र सुम्पिएको समितिले गरेको निर्णयअनुसार कारवाई गर्नुभन्दा अघि सभापतिलाई सूचना दिनुपर्दछ, औ सभापतिले अझ आकों कमिशनको सभामा सो निर्णयउपर फेरि विचार तथा निर्णयका निमित्त उपनिर्देश गर्न शक्तछ। तर त्यस्तो निर्देश नभएमा समितिको निर्णय नै कमिशनको निर्णय मानिनेछ।

१६. सभापति अथवा उसका अनुपस्थितिमा नामोद्दिष्ट सदस्यले तात्कालिक काम गर्नुपर्ने ठहऱ्याई अत्यावश्यक कारवाई गर्न शक्तछ। यस्तो कारवाई सभापतिले गरेको भए कमिशनलाई त्यसपछिको बैठकमा जाहेर गर्नुपर्दछ र सदस्यले गरेको भए सभापतिलाई सूचना दिने र सभापतिले पनि त्यसपछि बसेको कमिशनको बैठकमा सो बेहोरा जाहेर गर्नुपर्दछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. सभापतिले कुनै सदस्यलाई कुनै विशेष कामको निमित्त खटाउन शक्तछ, संप्रेषित सदस्यले कमिशनको साधारण काममा भाग लिनेछैन र मिसिल एवं मामिला उसको रायको निमित्त परिचारित गरिनेछैन।

१८. उक्त निर्देशहरुमा योजना नभएका विषयहरुमा कमिशनले निजी कारवाई स्वयं व्यवस्थापित गर्नेछ।

## भाग ४ सल्लाहकारको काम

१९ कमिशनको सबै बैठकहरूमा सल्लाहकारले भाग लिनेछ र कमिशनको विमर्श र कारवाईहरूमा पथ प्रदर्शन गर्नेछ।

राय बाझेमा सभापति र सदस्यहरूले सल्लाहकारको सल्लाह लिनेछन्।

भाग ४ का निर्देशहरू बहाल रहेसम्म निर्देश नं. ७ लागू हुनेछैन।

२०. कमिशनको सबै कारवाईहरू पद्धतिबद्ध तथा निर्विघ्नपूर्वक चालू गराउनाको निमित्त सल्लाहकारले सेक्रेटरीका कामको रेखदेखका साथै अड्डाको कामहरूको निरीक्षण गर्नेछन्।

---

गोरखापत्र छापाखानाबाट प्रकाशित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।